# सुन्तलाजात फलफूलको सुलसुले

## समस्याको पहिचान

सुन्तलाजात फलफूल (सुन्तला, जुनार, कागती, निबुवा आदि) मा लाग्ने सुलसुले (Citrus Rust Mite) एक प्रकारको जीव हो। यी सुलसुलेहरू आकारमा अति साना हुने र नाङ्गो आँखाले देख्न कठिन हुन्छ (चित्र १)। चार जोडी खुट्टा भएका यी जीवले बिरुवाबाट रस चुस्छन् र यसले बिरुवाको पात, हाँगा र विशेषगरी फलमा गम्भीर असर पुर्याउँछ। सुलसुलेहरु स-साना हुने हुँदा पातको मुनिपट्टि वा फलको भेट्नो वरपर हाते लेन्सको सहायताले अनुगमन गर्नु पर्दछ। प्रकोप ज्यादा भएको अवस्थामा बोटमा जालो देखिन्छ (चित्र २)।


बिरुवा फुस्रो र निरस देखिन्छ, सुन्तला र जुनारका फलमा बोक्रा खैरो रंगको देखिन्छ, कागती तथा निबुवाका फल हल्का सेतो रंगको देखिन्छन्, सुलसुलेले फल सानै रहेको अवस्थामा बोक्रामा चुस्दछ र त्यसको लक्षण फल बढ्दै/छिप्पिंदै गर्दा देखा पर्दछ (चित्र ३)। दीर्घकालिन संक्रमणले उत्पादन मात्र होइन, फलको बजार मूल्यमा पनि गम्भीर असर पुर्याउँछ।



चित्र १. सुलसुले

## समस्याको पृष्ठभूमि

सुन्तलाजात फलफूलमा सुलसुले माइट एक "उदीयमान समस्या" को रूपमा छ। यसको संक्रमण गर्मी मौसम र पानीको अभाव भएका अवस्थामा तिब्र हुन्छ। विशेषगरी सिँचाइको कमी तथा बिरुवामा पोषणको अभाव हुँदा सुलसुलेको आक्रमण बढी देखिन्छ। अनुसन्धान तथा स्थलगत प्रतिवेदनहरूले सुन्तलाजात फलको भौतिक गुणस्तर घटाएको, बजारिकरणमा समस्या बनाएको र निर्यात योग्यताको ह्रास गराएको देखाएका छन्।



चित्र २. सुलसुलेले बनाएको जालो

## व्यवस्थापन

सुलसुलेको प्रभावकारी व्यवस्थापनका लागि एकीकृत विधिहरु अपनाउनु आवश्यक हुन्छ।

- बिरुवाको नियमित काँटछाँट गरी सुव्यवस्थित बगैंचा कायम गर्ने।
- मलजलको सन्तुलित प्रयोग गरी बिरुवा स्वस्थ राख्ने।
- विशेषगरी गर्मी मौसममा पानीको तनावले यसको समस्या बढाउँछ।
- सिँचाइ व्यवस्थामा ध्यान दिनु अत्यावश्यक छ, बगैंचामा रोगग्रस्त भागको समयमै नष्ट गर्ने।
- बगैंचामा परजीवी तथा परभक्षी जीवहरूको संरक्षण र उपयोगले यसको दीर्घकालिन नियन्त्रणमा मद्दत पुर्याउँछ।
- वानस्पतिक बिषादी - निमजन्य बिषादी (एजाडिरेक्टिन) प्रयोग गर्न सकिन्छ।
- फल सानै हुँदा सुलसुलेले आक्रमण गर्नु अगावै सुलसुलेनाशक बिषादी प्रोपार्जाइट (Proparzite) वा बाईफेनाजेट (Bifenazate) १.५-२ मि.लि. प्रति लिटर पानीमा मिसाई प्रयोग गर्न सकिन्छ।



चित्र ३. सुलसुलेको क्षतिको लक्षण

## सन्दर्भ सूची


- Adhikari, D., Acharya, U. K. & Shrestha, Y. K. (2023). Emerging Pest Threats in Citrus Fruit and their Management in Nepal. Proceedings of 2nd International Conference on Horticulture. Nepal.
- AITC. (2022). Krishi Diary. Agriculture Information and Training Center. Hariharbhawan, Lalitpur.
- NCRP. (2017). Annual Report 2016. National Citrus Research Program, Paripatle, Dhankuta.
- अधिकारी, देवराज . (२०७७). सुन्तलाजात फलफूलको प्रमुख रोगकीराहरु पहिचान र व्यवस्थापन हाते पुस्तिका। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, प.का.एकाइ, सिन्धुली।
- आचार्य, उमेशकुमार; पक्का, रोशन; अधिकारी, देवराज; जोशी, समुद्रलाल . (२०७६). सुन्तलाजात फलफूल खेती प्रविधि। राष्ट्रिय सुन्तलाजात अनुसन्धान कार्यक्रम, धनकुटा।



तयारकर्ता
**डा. देवराज अधिकारी**, ब.कृ.अ.,
प्र.कृ.आ.प., प.का.ए, नवलपरासी (पूर्व)

सम्पादक
**डा. हिराकाजी मानन्धर**
एनपिडिए, काठमाण्डौ
**डा. रेशमबहादुर थापा**
कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर, चितवन


**Scientific name:** *Phyllocoptruta oleivora*

विषादीको प्रयोग गर्दा नाक, मुख, आँखा, कानका साथै पुरै शरीरको छाला छोपिने गरी सुरक्षित पहिरन लगाउनु पर्दछ। विषादीको लेवल राम्रोसँग अध्ययन गरी प्रयोग गर्ने मात्रा, पटक र प्रयोग पछि बाली टिप्ने समय राम्रोसँग ख्याल गर्नु पर्दछ। विषादी चर्को घाम वा हावा लागेको समयमा छर्कन हुँदैन।


प्रकाशक
नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
फोनः +९७७-१-५४२१३२३/५४२१६४८
Email: doa.agri2014@gmail.com, ppd.doa2020@gmail.com
Website : www.doanepal.gov.np


*यो तथ्यपत्रमा सिफारिस गरिएका विवरणहरु नेपालको लागि सान्दर्भिक छ*